प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

२०७८ कार्तिक

# आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति विवरण

प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ दफा ५ बमोजिम स्वत: प्रकाशनको प्रयोजनको लागि समेत प्रकाशन गरिएको



हेटौंडा

फोन नम्बर:०५७-५२२३८५,०५७-२२३८७
फ्याक्स:०५७-५२७५०७
वेवसाइट: ocmcm.bagamati.gov.np
इमेल: ocmcm@bagamati.gov.np

# प्रदेश सरकार

## वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष २०७७/७८

प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ दफा ५ बमोजिम स्वतः प्रकाशनको प्रयोजनको लागि समेत प्रकाशन गरिएको

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बागमती प्रदेश

## हेटौंडा

फोन नम्बर:०५७-५२२३८५,०५७-२२३८७

फ्याक्स:०५७-५२७५०७

**वेवसाइट: ocmcm.bagamati.gov.np**

**इमेल: ocmcm@bagamati.gov.np**

**प्राक्कथन**

प्रदेश सरकार, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम एवम् नेपाल सरकारबाट प्राप्त भएको अनुदान अन्तर्गतका कार्यक्रम लगायत नियमित रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरूमा हासिल गरेका उपलब्धीहरूको सँगालोको रूपमा यो प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार सम्पादन हुनुपर्ने कार्यहरू तथा कोभिड-१९ को रोकथाम एवम् नियन्त्रण गर्ने कार्यहरू प्रगति समावेश गरिएको छ। साथै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको प्रगति विवरण समावेश गरिएको छ ।

यस कार्यालयबाट वार्षिक रुपमा सम्पादन भएका कार्यक्रमहरूको यथार्थ प्रगति विवरण नागरिक समक्ष पुऱ्याई, नागरिकहरूलाई सुसूचित गराउन, एवम् कार्यालयको कार्यशैलीमा पारदर्शिता ल्याउने उद्देश्यले यो प्रतिवदेन प्रकाशन गरिएको छ। यस प्रकाशनले सूचना प्रवाह गर्ने मात्र नभई कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू समयमा नै पहिचान गरी आगामी आर्थिक वर्षमा त्यस्ता समस्या दोहोरिन नदिन पनि मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिइएको छ ।

नेपालको संविधानबमोजिम हाम्रो सङ्घीयता सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने संविधानको मर्मको पालनामा प्रदेश सरकार सदैव प्रतिबद्ध छ। यस्तो प्रतिबद्धता नीति / योजना निर्माण एवम् कार्यक्रम तर्जुमाको क्रममा प्रतिबिम्बित भएकै छन् । कार्यक्रम कार्यान्वयनमा आगामी दिनमा अझै सुधार आवश्यक देखिन्छ । कार्य सम्पादनलाई नागरिक मैत्री सेवा उपलब्ध गराउने कार्यसँग जोड्नका साथै सार्वजनिक खर्चमा नियमितता, मितव्ययीता, प्रभावकारिता, लागत प्रभावी र सदाचार कायम गर्न सबैको सहयोग हुने अपेक्षा लिइएको छ। प्रस्तुत प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनुहुने प्रदेश सरकारका विभिन्न मन्त्रालय एवम् यस कार्यालय खासगरी शासकीय सुधार महाशाखाका कर्मचारीहरूमा धन्यवाद दिन चाहन्छौं। प्रस्तुत प्रतिवेदन, पारदर्शिता कायम गर्नका साथै सेवाग्राही एवम् सरोकारवालाहरूलाई उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छ । यसमा रहेका कमी कमजोरी औंल्याई सुझाव दिनुहुनेछ भन्ने अपेक्षा समेत लिइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
२०७८ कार्तिक

विषय सूची

भाग १ ........ १

कार्यालयको परिचय ........ १

१.१. पृष्ठभूमि : ........ १

१.२. सोच : ........ १

१.३. उद्देश्यहरू : ........ १

१.४. रणनीति : ........ २

१.५. कार्यक्षेत्र : ........ २

१.६. सङ्गठन संरचना तथा स्वीकृत दरबन्दी : ........ ४

१.७. कार्यालयको स्वीकृत दरबन्दी विवरण तालिका : ........ ५

भाग २ ........ ६

नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था ........ ६

२.१. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था : ........ ६

२.२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः ........ ९

२.२.१ जम्मा विनियोजन र खर्चको अवस्थाः ........ ९

२.२.२ क्रियाकलापगत कार्यान्वयनको अवस्थाः ........ ९

२.२.३ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः ........ १२

२.२.४ समग्र प्रगतिको अवस्थाः ........ १३

२.२.५ कोभिड १९ सङ्क्रमण रोकथाम तथा उपचारसँग सम्बन्धित मुख्य मुख्य कार्यहरूः . १५

भाग ३ ........ १७

मुख्य समस्याहरू तथा आगामी कार्यदिशा ........ १७

# कार्यकारी सारांश

प्रदेश सरकार, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन भएका क्रियाकलापहरूलाई समेटी बागमती प्रदेशको सूचनाको हकसम्बन्धी ऐन, २०७६ को दफा ५ को प्रयोजनका लागि समेत जारी गर्नुपर्ने र सार्वजनिक खर्चको प्रभावकारिता र पारदर्शिताका क्षेत्रमा नागरिकहरूलाई सुसूचित गर्न यो वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

यस प्रतिवेदनमा कार्यालयको सोच, उद्देश्य, रणनीति, कार्यक्षेत्र, सङ्गठन संरचना, दरबन्दी तथा पदपूर्ति आदिको अवस्था समेटिनुका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रमअनुसार यस कार्यालयसँग सम्बन्धित नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थासमेत समेटिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा यस कार्यालयका संशोधन सहित लागि जम्मा रु. १८४,४९१,०००।-बजेट विनियोजन भएको थियो। जसमा चालु तर्फ रु. १५०,३६१,०००।०० र पूँजीगत तर्फ रु. ३४,१३०,०००.००।०० रहेको थियो। यस आर्थिक वर्षमा चालु तर्फ रु. ६८,६७१,८७२।०० खर्च भएको छ, जुन विनियोजनको ४५.६७ प्रतिशत हो भने पुँजीगत तर्फ रु. ६,३७५,१९१।०० खर्च भएको छ, जुन विनियोजनको १८.६८ प्रतिशत हुन आउँछ।

यस कार्यालयमा रहेको मन्त्रिपरिषद् बैठक तथा प्रशासन महाशाखा, शासकीय सुधार तथा योजना महाशाखा, कानुन तथा संवैधानिक मामिला महाशाखाबाट सम्पादन भएका क्रियाकलापहरूका साथै कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा सम्पादन भएका क्रियाकलापहरू र यस वर्ष प्रदेश सरकार गठन भएको तीन वर्षको अवधि पुरा भएको उपलक्ष्यमा प्रदेश सरकारको काममा उल्लेखनीय योगदान पुऱ्याउनुहुने १५ जना कर्मचारीहरू / विभिन्न क्षेत्रका, नागरिक सेवा प्रवाह, नव प्रवर्तन तथा सिर्जनशीलता, सामाजिक तथा सांस्कृतिक क्षेत्र, सहकारी तथा सामुदायिक बचत, आम सञ्चार क्षेत्रका व्यक्ति तथा संस्थाहरूलाई पुरस्कृत तथा सम्मान पत्रबाट सम्मानित गरिएको छ।

२०७७ असोज ६ गते प्रदेश सुशासन केन्द्र स्थापना भई सञ्चालनमा आएको छ भने यस अवधिमा २९७५ जना पदाधिकारी तथा कर्मचारीहरूलाई तालिम प्रदान गरिएको छ । ३५ वटा स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अनुशिक्षण १८ वटा स्थानीय तह, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अनुशिक्षण प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा १०५ वटा स्थानीय तहको अनलाइन प्रकाशन सम्पन्न गरी विभिन्न संस्थागत सुदृढीकरणका कार्यक्रमहरू सम्पन्न भयो।

## भाग १

## कार्यालयको परिचय

### १.१. पृष्ठभूमि :

विक्रम सम्वत् २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानअनुसार शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई निर्वाचित जनप्रतिनिधि मार्फत २०७४ साल माघ २९ गते प्रदेश सरकार, गठन भएको थियो। संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था तथा प्रदेश सरकार बागमती प्रदेश (कार्य विभाजन) नियमावली,२०७४ को अनुसूची -२ मा प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्दछ भनी जिम्मेवारी तोकिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रूपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्त्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय हुनुका साथै नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय दुवै प्रकृतिको काम पनि यस कार्यालयबाट सम्पादन हुने हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेशभित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, प्रदेशका सबै मन्त्रालयहरूको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन एवम् सूचना प्रविधि प्रयोग र अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरूको कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ। अतः आर्थिक वर्ष २०७७/७८ को  नीति तथा कार्यक्रम र वार्षिक बजेटअनुसार सम्पादन भएका क्रियाकलापहरूको आधारमा यो प्रगति वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

### १.२. सोच :

"सुसंस्कृत र सुखी जनता: समाजवाद उन्मुख समृद्ध प्रदेश"

### १.३. उद्देश्यहरू :

- सङ्घीय शासन प्रणाली अनुरूप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत पूर्वाधार विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु

- प्रदेश र स्थानीय तहमा निष्ठावान्, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित भई समृद्ध प्रदेश निर्माण गर्नु
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु
- प्रदेशभित्र पारदर्शिता, जवाफदेहीता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिश्चित गर्नु
- भ्रष्टाचार नियन्त्रण गरी सदाचार युक्त समाज निर्माण गर्नु
- सुदृढ तह गत सम्बन्ध र उपलब्धि मुखी अन्तर सरकार समन्वय गरी गुणस्तरीय सेवा प्रवाह गर्नु
- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँच योग्य बनाई विकास प्रक्रियालाई अपेक्षाकृत बनाउनु।

## १.४. रणनीति :

सुसंस्कृत र सुखी जनता: समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण गर्न आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयनमा ल्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार ल्याउने, क्षमता विकास गर्ने, स्थानीय तह र सङ्घसँग समन्वय गर्ने, विकास निर्माणका काममा नियमन र सहजीकरण गर्ने।

## १.५. कार्यक्षेत्र :

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी निम्नानुसार रहेको छः

- प्रदेश मन्त्रीपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी
- प्रदेशभित्रको शासनको व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा कार्यान्वयन
- प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषदका निर्णयको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन

- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- प्रदेशभित्रका संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्कसम्बन्धी विषय (प्रतिवेदन समेत)
- अन्तर प्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध
- प्रदेश स्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय
- प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा ग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानून तर्जुमा


## १.६. सङ्गठन संरचना तथा स्वीकृत दरबन्दी :

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

बागमती प्रदेश, हेटौंडा

सङ्गठन संरचना



१.७. कार्यालयको स्वीकृत दरबन्दी विवरण तालिका :

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | विशिष्ट श्रेणी | प्रशासन | | १ | १ |
| २ | सचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | २ | २ |
| ३ | सचिव | रा.प.प्र. | न्याय | कानून | १ | ० |
| ४ | उप-सचिव (प्र.) | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ७ | १ |
| ५ | उप-सचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | १ | १ |
| ६ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ८ | ८(१ सङ्घीय) |
| ७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ |
| ८ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | १ | १ |
| ९ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ० | ० |
| १० | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १० | ६(१ अस्थायी) |
| ११ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | ० | ० |
| १२ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | ४ | २ (१ करार) |
| १३ | खरिदार | रा.प.अन.द्वि | प्रशासन | सा.प्र. | २ | २ |
| १४ | सह लेखापाल | रा.प.अन.द्वि | प्रशासन | लेखा | १ | १ |
| १५ | सहायक कम्प्युटर अपरेटर | रा.प.अन.द्वि | विविध | | ० | ० |
| १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | | ६ | ६ |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ७ | ७ |
| | जम्मा | | | | ५२ | ४० |

# भाग २

## नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

यस भागमा आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश सरकारको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम तथा बजेट, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्था समावेश गरिएको छ।

### २.१. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था :

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रमको नाम | कार्यसम्पादनको यथार्थ अवस्था |
|---|---|---|
| १५७ | <u>सुशासन अध्ययन केन्द्रको स्थापना</u><br><br>प्रदेश निजामती सेवाका कर्मचारीहरूबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त एवम् नतिजामुखी बनाउन आवश्यक तालिम एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। सार्वजनिक क्षेत्रमा काम गर्ने कर्मचारी एवम् निर्वाचित पदाधिकारीको क्षमता अभिवृद्धि गर्न ललितपुरको जावलाखेलमा सङ्घीय सरकारबाट प्राप्त भएको जग्गामा प्रदेश र स्थानीय तहको पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न सुशासन अध्ययन केन्द्रको निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु। | प्रदेश सुशासन केन्द्रको स्थापना गरी २०७८ असार मसान्त सम्म विभिन्न विषयमा २९७५ जना कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी तालिम मार्फत क्षमता विकास कार्यक्रम सञ्चालन गरेको |
| १५८ | <u>प्रदेश कर्मचारी अभिलेख व्यवस्थापन</u><br><br>प्रदेश सरकार अन्तर्गत रहने निजामती कर्मचारी एवम् अन्य सरकारी कर्मचारीको वैयक्तिक विवरणलाई व्यवस्थित गर्न र प्रदेशले राख्नुपर्ने सम्पत्ति विवरण सुरक्षित एवम् सूचना प्रविधिमा | प्रदेश सरकार र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्न प्रदेश कर्मचारी अभिलेख केन्द्रको सङ्गठन संरचना स्वीकृत |

| | | |
|---|---|---|
| | आधारित बनाउन सङ्घीय सरकारसँग समन्वय गरी व्यवस्थित गर्न बजेटको व्यवस्था गरेको छु। | गरिएको । उक्त संगठन संरचनाको विषयमा सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको । |
| १५९ | <u>उत्कृष्ट कर्मचारी पुरस्कार</u><br><br>प्रदेश सरकार मातहतका निकायहरूमा कार्यरत निजामती कर्मचारीलाई काम प्रति जिम्मेवार, जबाफदेही एवम् जागरूक बनाई उत्प्रेरित तुल्याउन **उत्कृष्ट कर्मचारी पुरस्कार**लाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु। | प्रदेश सरकार स्थापना दिवसको अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार गरी कर्मचारीलाई काम प्रति उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइएको |
| १६० | **<u>नवप्रवर्तन र सृजनाशीलता कार्य गर्ने राष्ट्रसेवकहरूलाई उत्प्रेरित</u>**<br><br>निजामती कर्मचारीहरूको वृत्ति विकासलाई कार्यसम्पादनसँग आबद्ध गर्ने व्यवस्था मिलाएको छु। नवप्रवर्तन र सृजनाशीलता कार्य गर्ने राष्ट्रसेवकहरूलाई उत्प्रेरित गर्न विशेष पहल गरिनेछ। | हरेक कर्मचारीलाई कार्य विभाजन गरी कामको बाँडफाँट गरी कार्य जिम्मेवारी दिइएको |
| १६१ | <u>कार्य सम्पादन करार</u><br><br>प्रदेश सरकारको कार्यलाई पारदर्शी नतिजामूलक एवम् उपलब्धिमा आधारित बनाउन कार्य सम्पादन करारको अभ्यास प्रारम्भ गरिनेछ। प्रदेश सरकारी सेवालाई सहज र प्रविधिमैत्री बनाइनेछ। | माननीय मुख्यमन्त्री र सम्बन्धित मन्त्रालयको मन्त्री बीच गरिने कार्य सम्पादन करारको ढाँचा तयार गरी कार्य सम्पादन संझौता गरिएको |

| | | |
|---|---|---|
| | | मुख्यमन्त्री र प्रदेश सचिव बीच भएको कार्य सम्पादन करार सम्झौता गरिएको |

### २.२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः

#### २.२.१ जम्मा विनियोजन र खर्चको अवस्थाः

कार्यालयको बजेट उपशीर्षकमा विनियोजन भएको जम्मा बजेट र सोको अवस्था देहायबमोजिम रहेको छः

रू. हजारमा

| क.स. | व.उ.शी.नं. | सव व.उ.शी.नं./ कार्यालयको नाम | कुल बजेट | आर्थिक वर्ष २०७७/७८ को | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १ | ३०१०००११३ चालु तर्फ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५०,३६१ | ६८,६७१ | ४५.६७ | |
| २ | ३०१०००११४ पूँजीगत तर्फ | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४,१३० | ६,३७५ | १८.६८ | |
| कुल जम्मा | | | १८४,४९१ | ७५०४६ | ४० प्रतिशत | |

बजेट विनियोजन

| शीर्षक | शुरूको विनियोजन | अन्तिम (CGAS अनुसार) |
|---|---|---|
| चालु | २१५,३६१,000.00 | १५०,३६१,000.00 |
| पुँजीगत | २५१,६३0,000.00 | ३४,१३0,000.00 |
| जम्मा | ४६६,९९१,000.00 | १८४,४९१,000.00 |

**नोट:** आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेटमा चालु तर्फ जिल्ला समन्वय समिति अनुदान तर्फको ६ करोड ५० लाख र पुंजीगत प्रदेश विकास विशेष कार्यक्रममा विनियोजित रु १५ करोड रकम कार्यक्रम कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं मन्त्रिपरिषदको निर्णय अनुसार सम्बन्धित विषयगत मन्त्रालयमा रकमान्तर /हस्तान्तरण गरिएको भने भवन निर्माण तर्फको रु ६ करोड ५० लाख प्रदेश सरकारको सचिवालय निर्माण सम्बन्धमा समर्पण गरिएको ।

### २.२.२ क्रियाकलापगत कार्यान्वयनको अवस्थाः

यस कार्यालयको बजेट उपशीर्षक अन्तर्गत रहेका विभिन्न क्रियाकलाप र ती क्रियाकलाप कार्यान्वयनको अवस्था देहायबमोजिम रहेकोछ:

### ३०१०००११३ चालु तर्फको विस्तृत विवरण

| खर्च/वित्तीय सङ्केत | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | २०७८ असार महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २२,६३९,००० | १८,६७२,३२० | ३,९६६,६८० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २८,०८५,००० | १६,८३३,५०९ | ११२५१४९१ |
| २११२१ | पोशाक | ५२०,००० | ५२०,००० | ० |
| २११३२ | महंगी भत्ता | ९३६,००० | ६४४,३३३ | २९१६६७ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ६००,००० | ५६१,००० | ३९,००० |
| २११३९ | अन्य भत्ता | ७६६,००० | ० | ७६६००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ४५०,००० | ० | ४५०००० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | २,७७५,००० | १,१५४,८८६ | १६२०११४ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १८७,००० | १२९,२०० | ५७८०० |
| २२१११ | पानी तथा बिजुली | १,९९८,००० | १,८४९,५८० | १४८४२० |
| २२११२ | संचार महसुल | १,७२८,००० | १,३२७,०७६ | ४००९२४ |
| २२२११ | इन्धन(पदाधिकारी) | २,२९२,००० | १,३७०,३१० | ९२१६९० |
| २२२१२ | इन्धन(कार्यालय प्रयोजन) | १,९४६,००० | ९३३,९१२ | १०१२०८८ |

| | | | | |
|---|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,९००,००० | १,६५२,६०० | २४७,४०० |
| २२२१४ | बिमा तथा नविकरण खर्च | ९००,००० | ५९१,७९९ | ३०८,२०१ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | ५००,००० | १४५,१५५ | ३५४,८४५ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,५००,००० | ८३५,९९९ | ६६४००१ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६,०००,००० | २,८५२,९८० | ३१४७०२० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २४३,००० | ४८,७७८ | १९४२२२ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,८००,००० | १,५२८,९८७ | २७१०१३ |
| २२४११ | सेवा र परामर्श खर्च | २,१००,००० | ० | २१००००० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६००,००० | २०६,४५१ | ३९३,५४९ |
| २२४१३ | करार सेवा शुल्क | ५,६४६,००० | ४,३२३,५८० | १,३२२,४२० |
| २२५२२ | कार्यक्रम खर्च | ४०,७००,००० | ६,८०४,९६५ | ३३,८९५,०३५ |
| २२६११ | अनुगमन,मूल्यांकन खर्च | १४,४००,००० | ४,१६९,१४२ | १०,२३०,८५८ |
| २२६१२ | भ्रमण खर्च | २,८५०,००० | २९,७०० | २,८२०,३०० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १,२००,००० | ० | १,२००,००० |
| २२७११ | विविध खर्च | ३,३००,००० | १,०७०,६१० | २,२२९,३९० |
| २८१४२ | घर भाडा | १,८००,००० | ४१५,००० | १,३८५,००० |
| | कुल जम्मा | १५०,३६१,००० | ६८,६७१,८७२ | ८१,६८९,१२८ |

३०१०००११४ पुँजीगत तर्फको विस्तृत विवरण

| खर्च/वित्तीय सङ्केत | खर्च/वित्तीय सङ्केतको नाम | २०७७-०७८ को अन्तिम बजेट | २०७८ असार मसान्त सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३१११२ | गैर आवासिय भवन निर्माण/खरिद | ० | | ० |
| ३११२१ | सवारी साधन | १,०००,००० | ९७७,५९९ | २२,४०१ |
| ३११२२ | मेशिनरी तथा औजार | ४,२८०,००० | १,५२९,९७२ | २७५००२८ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ४,७५०,००० | ७१७,९६४ | ४०३२०३६ |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ११,६००,००० | ० | ११६००००० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | ७,५००,००० | २,६७८,४५४ | ४८२१५४६ |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,०००,००० | ४७१,२०२ | ४५२८७९८ |
| | कुल जम्मा | ३४,१३०,००० | ६,३७५,१९१ | २७,७५४,८०९ |

## २.२.३ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बीच प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सञ्चालनार्थ मिति २०७६ कार्तिक २८ गते समझदारी पत्रमा हस्ताक्षर कार्य सम्पन्न भयो ।

यस कार्यक्रम अन्तर्गतको प्रगति देहायबमोजिम रहेको छ:

| विवरण | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **PLGSP इकाई** | १,२००,००० | १७४,३८०,००० | १७५,५८०,००० (१७.५ करोड) | १,१७९,७२० | ५,५६४,५६० | ६,७४४,२८०.०० (६७ लाख) | ९८.३१ | ३.१९ | ३.८७ |
| **प्रदेश सुशासन केन्द्र** | ५१,१००,००० | १५८,७००,००० | २०९,८७०,००० (२०.९८ करोड) | ७,२२८,१३० | ७३,७८१,४८० | ८१,००९,६०० (८.१० करोड) | १४.१५ | ४६.४७ | ३८.६० |
| **कुल जम्मा** | ५२,३००,००० | ३३३,१५०,००० | ३८५,४५०,००० (३८.५४ करोड) | ८,४०७,८५० | ७९,३४६,०३० | ८७, ७५३, ८८० (८.८७ करोड) | १६.०८ | २३.८२ | २२.७७ |

- प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश २०७७ असोज ५ मा जारी भई २०७७ असोज ६ गते केन्द्रको स्थापना ।
- वेबसाइट सञ्चालन गरिएको
- LISA प्रशिक्षक प्रशिक्षण तथा १०५ वटा स्थानीय तहले अन्तिम प्रतिवेदन अनलाइन प्रकाशन
- GESI प्रशिक्षक प्रशिक्षण तथा १८ वटा स्थानीय तहले रणनीति
- कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास तालिम कार्यक्रम २९७५ जना
- स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण ३५ पालिका
- मध्यकालीन खर्च संरचना विषयक अनुशिक्षण सञ्चालन ४७ पालिका
- स्थानीय तहको क्षमता विकास योजना तर्जुमा ८ पालिका
- स्थानीय तहको आवधिक योजना निर्माण १९ पालिका
- स्थानीय तहको लैङ्गिक समानता र सामाजिक समावेशीता परीक्षण ३० पालिका
- सञ्चालक समिति बैठक ६ पटक
- पाठ्यक्रम समिति बैठक ५ पटक

### २.२.४ समग्र प्रगतिको अवस्थाः

यस कार्यालयबाट सम्पादन भएका कार्यक्रमहरूको समग्र प्रगति अवस्था देहायबमोजिम रहेको छः

क. माननीय मुख्यमन्त्रीज्यू र सम्बन्धित मन्त्रालयको मन्त्रीज्यू र सचिवबीच कार्य सम्पादन करार सम्झौता सम्पन्न गरी कार्यसम्पादनलाई नतिजामुलक बनाइएको

ख. प्रदेश सुशासन केन्द्रको स्थापना तथा सञ्चालन गरिएको

ग. प्रदेश सुशासन ऐन जारी गरी कार्यान्वयनमा रहेको

घ. प्रदेश भित्रका १३ जिल्लाको जिल्ला समन्वय समिति सहयोग कार्यक्रमका लागि रु ६ करोड ५० लाख हस्तान्तरण गरिएको

ङ. प्रदेश विकास कार्यक्रम (विशेष) अन्तर्गत प्रदेशका विभिन्न स्थानीय तहमा कार्यविधि अनुरूप रु १५ करोड हस्तान्तरण गरिएको

च. व्यवस्थापन परीक्षण निर्देशिका तयार गरी कार्यान्वयनमा रहेको

छ. शासकीय सुधार तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनमा रहेको

ज. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम केन्द्रीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भइ आएको कुल कर्मचारी संख्या ३७६४ मा नबढ्ने गरी दरबन्दी हेरफेर सहितको सङ्गठन सर्वेक्षण गरी संरचना तयार भएको । हाल सर्वोच्च अदालतमा विचाराधिन रहेकोले कार्यान्वयनमा ल्याउन सकेको छैन ।

झ. प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति विवरण प्राप्त गरी र संरक्षण तथा अभिलेखीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको

ञ. प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क व्यक्तिलाई अभिमुखीकरण तालिम सञ्चालन गरिएको

ट. छनौटमा परेका ५ वटा स्थानीय तहमध्ये ४ वटा स्थानीय तहको मौजुदा ऐन र कानुनको समीक्षा गरी प्रकाशन गरिएको

ठ. कार्यालय हाता भित्र इन्टरलक विच्छाउने कार्य सम्पन्न भएको

ड. प्रदेशका विभिन्न मन्त्रालय तथा निकायका सार्वजनिक खरिद सम्बन्धी कार्यमा कार्यरत कर्मचारीहरू सार्वजनिक खरिद सम्वन्धमा तालिम दिइएको

ढ. प्रदेश सरकारमा सूचना प्रविधिको प्रवर्द्धन गर्न ७ जना सूचना प्रविधि अधिकृत नियुक्त गरी सबै मन्त्रालयमा खटाइएको ।

ण. प्रदेश सार्वजनिक सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम चितवन जिल्लामा सम्पन्न

त. दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक जिल्लामा प्रमुख सचिवज्यूको नेतृत्वमा योजना कार्यान्वयन तथा प्रदेश सरकारको कार्यालयहरूबाट सेवा प्रवाह एवं स्थानीय सरकारका योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन

थ. प्रदेशको विभिन्न मन्त्रालयको सचिवको नेतृत्वमा सचिव स्तरीय अनुगमन टोली गठन भइ यातायात, घरेलु स्वास्थ्य एवं बन कार्यालयहरूको अनुगमन भइरहेको

द. मकवानपुरको राक्सिराङ्ग कैलास र मनहरी गाउँपालिकासँग प्रदेश सरकार र स्थानीय सरकारका कार्यक्रमको सम्बन्धमा प्रमुख सचिवको नेतृत्वमा अनुगमन भ्रमण भएको
ध. बागमती प्रदेशको तेस्रो वार्षिक उत्सव कार्यक्रम सम्पन्न भएको
न. प्रदेशमा कार्यरत १५ जना कर्मचारी तथा विविध विधामा सहयोग पुर्याउने व्यक्ति तथा संस्थाहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको
ऩ. प्रदेश समन्वय परिषद्को बैठक र प्रदेश समन्वय समितिको बैठक सम्पन्न गरिएको
प. सुशासन प्रवर्द्धन एवं नागरिक मैत्री सेवा प्रदान गर्न सेवाग्रहीहरूको लागि कार्यालयमा सम्पर्क गर्न टोल फ्री नम्बर १६६०५७५२८९८ जडान गरी संचालनमा ल्याइएको
फ. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी एव प्रवक्ता तोकी सूचनाको पहूचमा सहज बनाइएको
ब. प्रदेश सरकारबाट हालसम्मको वस्तुस्थिति विवरण समावेश गरिएको **प्रदेश विकास दर्पण** पुस्तक प्रकाशन गरिएको

**प्रकाशन तथा प्रसारण विवरण:**

क. प्रदेश सरकारको ३ वर्ष पुस्तक प्रकाशन गरिएको

ख. आर्थिक वर्ष २०७८-७९ को प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमा गरी माननीय प्रदेश प्रमुखबाट प्रदेश सभामा सम्बोधन प्रकाशन गरिएको

ग. दिगो विकासको लक्ष्य स्थानीयकरण गर्ने मार्ग चित्र २०७८ प्रकाशन गरिएको

घ. स्थानीयतहको मौजुदा कानुनको समिक्षा र सुधारका लागि सुझाब कार्यक्रमको सन्दर्भमा तयार पारिएको प्रतिवेदन २०७८ प्रकाशन गरिएको

ङ. नीति कार्यक्रम र बजेट वक्तव्य नेपाल टेलिभिजनबाट Live प्रशासन गरिएको

**२.२.५ कोभिड १९ सङ्क्रमण रोकथाम तथा उपचारसँग सम्बन्धित मुख्य मुख्य कार्यहरू:**

कोभिड -१९ सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएका क्रियाकलापहरू देहाय बमोजिम छन्:

- प्रदेश स्तरीय कोभिड संकट व्यवस्थापन केन्द्रको ५ पटक बैठक सम्पन्न गरिएको
- कोभिड-१९ रोकथाम नियन्त्रण र उपचारको लागि माननीय मुख्यमन्त्रीबाट प्रमुख जिल्ला अधिकारी, पालिकाका प्रमुख र जिल्ला समन्वय अधिकारीसँग पटक पटक Virtual Meeting सम्पन्न
- प्रदेश स्तरीय कोभिड फोकल पर्शन तोकिएको

- कोभिड -१९ कोषमा कुल जम्मा भएको ६४ करोड ९५ लाख २४ हजार ९८६ मध्ये ४७ करोड १२ लाख ५० हजार २५ निकासा भई हाल उक्त कोषमा १७ करोड ८२ लाख ७४ हजार ९६१।९० मौज्दात रहेको
- माननीय मुख्य मन्त्रीज्यूको नेतृत्वमा भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव सहित चितवनमा वर्षाको कारणबाट भएको क्षतिको स्थलगत भ्रमण गरिएको ।
- माननीय मुख्यमन्त्रीको नेतृत्वमा मा. मन्त्रीहरु तथा सचिव सहितको टोलीबाट सिन्धुपाल्चोक जिल्लाको विपद प्रभावित क्षेत्र मेलम्ची र हेलम्बूको स्थलगत भ्रमण गरिएको

## भाग ३

## मुख्य समस्याहरू तथा आगामी कार्यदिशा

### ३.१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू देहायबमोजिम रहेका छन्:

कोभिड -१९ को असर र प्रभावले विनियोजन अनुसारको कार्यक्रमहरू कार्यान्वयनमा ल्याउन नसकिएको अवस्था रहेको छ । पर्याप्त जनशक्ति अभावको कारणबाट समेत कार्यक्रम कार्यान्वयनमा असर परेको । नेपाल सरकारलाई जग्गा प्राप्ति र जनशक्ति व्यवस्थापनको सम्बन्धमा अनुरोध भएका विषय फछ्र्यौट नहुनु । साझा अधिकारको सूचीमा रहेका निजामती सेवा ऐन लगायतका कानुन तर्जुमा नहुनु । प्रदेश राजधानीको भावनालाई मूर्तरुपमा कार्यान्वयन गर्न नसकिनु । संघीय तथा स्थानीयतहसँग आयोजना व्यवस्थापन, प्राकृतिक स्रोतको बाँडफाँड लगायतको विषयमा समन्वय कमजोर अवस्थामा रहेको ।

### ३.२. आगामी कार्यदिशा

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि माननीय मुख्यमन्त्री र प्रदेश सचिव बीच २०७८/०४/०८ कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको छ ।प्रशासनिक रुपमा समेत प्रत्येक कर्मचारीलाई कार्य जिम्मेवारी तोकिएको, चालु आर्थिक वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयनको कार्ययोजना तयार भएको, अनुगमन, मूल्याङ्कन तथा समन्वयमा जोड दिने, ठूला रोजगारी सिर्जना, राजस्व वढोत्तरीमा योगदान दिने आयोजना तथा कार्यक्रम मात्र प्रदेश सरकारले गर्ने तथा साना आयोजनाको Benchmarking गराउने, Bagamati Province Project Management Information System को सञ्चालन, आयोजनाको अनुगमन डेस्कबाट नै गर्ने, प्रदेश मन्त्रालय, केन्द्रीय निकाय तथा मातहतका कार्यालयहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको कार्य योजना अनुरूप प्रभावकारी सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन समयमै गरिने ।

अनुसूची -१

## प्रदेश सरकार वार्षिकोत्सव समारोहमा पुरस्कृत हुनेहरूको नामावली

क) प्रदेश सरकार वार्षिकोत्सव, २०७७ समारोहमा पुरस्कृत हुनुहुने कर्मचारीहरूको नामावली:

| सि नं | कर्मचारीको नाम,थर | पद/तह | सेवा/समूह | कार्यालय |
|---|---|---|---|---|
| १ | अक्षर गोपाल श्रेष्ठ (११८८८३) | अधिकृत दशौं | सिभिल /इरिगेशन | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २ | कृष्ण बहादुर मिजार (१०५१६०) | अधिकृत आठौं | वरिष्ठ जनस्वास्थ्य अधिकृत | सामाजिक विकास मन्त्रालय |
| ३ | डा. नारायण बहादुर श्रेष्ठ (९२१८५) | अधिकृत दशौं | वरिष्ठ पशु विकास अधिकृत | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ४ | नवराज पुडासैनी (१८२५२७) | अधिकृत आठौं | सहायक वन अधिकृत | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ५ | नेत्र नरसिंह कार्की (१७१११९) | अधिकृत आठौं | प्रशासन लेखा | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६ | पूर्णिमा क्षेत्री (१९७७९०) | अधिकृत आठौं | बाली संरक्षण अधिकृत | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ७ | अशेष खड्का (२३२०८१) | अधिकृत सातौ | नेपाल प्रशासन/सामान्य प्रशासन | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | होमनाथ रिजाल (२०१७६९) | अधिकृत सातौं | प्रशासन लेखा | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९ | कौशल प्रसाद ढुङ्गाना (१९५१२६) | रा प तृ | न्याय | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| १० | सृष्टि ख्वालापाला (२०२५९५) | अधिकृत सातौं | सिभिल स्यानीटरी | भौतिक पूर्वाधार विकास मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| ११ | पेशल कुमार पोखरेल (१६३०९९) | अधिकृत सातौं | प्रशासन/ सामान्य प्रशासन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| १२ | विना थापा (१९८८८४) | अधिकृत छैठौं | नेपाल प्रशासन | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १३ | कल्पना ज्ञवाली (२०३९७१) | अधिकृत छैठौं | प्रशासन | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| १४ | देवकी खतिवडा (१८६८०५) | अधिकृत सातौ | स्टाप नर्स | सामाजिक विकास मन्त्रालय |
| १५ | अभिशेष धिताल (२०२५१८) | सहायक स्तर पाँचौ | नेपाल प्रशासन/सामान्य प्रशासन | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |

पुरस्कृत कर्मचारीहरूलाई प्रसंशापत्र एवम् जनही नगद रु २५०००(पच्चिस हजार रूपैया) प्रदेश सरकारको तर्फबाट उपलब्ध गराइएको थियो ।

ख)	प्रदेश सरकार वार्षिकोत्सव, २०७७ समारोहमा पुरस्कृत सम्मानित हुने संस्था तथा व्यक्तिहरूको विवरण

| सि नं | संस्था तथा व्यक्ति | ठेगाना | क्षेत्र |
|---|---|---|---|
| १ | श्री सरिता वि.क. | सामाखुसी काठमाडौ | सामाजिक क्षेत्र (हिंसा तथा विभेद न्यूनीकरण) |
| २ | श्री मामाघर नेपाल | हेटौंडा | सामाजिक क्षेत्र |
| ३ | श्री बीर वंश बैठा | हेटौंडा | सामाजिक क्षेत्र (शिक्षा) |
| ४ | श्री सरोज प्रजा | राक्षीनगरपालिका | युवा नवप्रवर्तन |
| ५ | श्री दिपेन्द्र रोक्का | हेटौंडा | पत्रकार |
| ६ | श्री हर्नामाडी कला प्रतिष्ठान | हेटौंडा | सामाजिक क्षेत्र |
| ७ | श्री नेपाल मगर संघ | भिमफेदी मकवानपुर | आदिवासी जनजाती साँस्कृतिक समूह |
| ८ | श्री सुन्दर ढोका साथी सेवा | ललितपुर | कोभिड रोकथाम र नियन्त्रणमा सचेतनात्मक कार्यक्रम |

सम्मानित हुने स्थानीय तहबाहेक व्यक्ति तथा संस्थाहरूलाई सम्मान पत्रसहित रु २५०००।- (पच्चिस हजार रूपैया) प्रदेश सरकारको तर्फबाट उपलब्ध गराइएको थियो ।